नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं
(कर्मचारी प्रशासन शाखा)

फोन ४२०००००, ४२००३८१, ४२००३९७, ४२००३९९

पत्र संख्या:- २०७०/०७१

चलानी नं.:- ३०६०

मिति: २०७०/०५/१६

विषय: निर्देशन कार्यान्वयन एवं प्रगति विवरण सम्वन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालयहरु सबै ।
श्री महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालयहरु सबै ।

उपर्युक्त विषयमा नेपाल सरकार (मन्त्रिस्तर) बाट मिति २०७०।०३।२७ मा भएको निर्णय कार्यान्वयन गर्न गराउनको लागि यस मन्त्रालयको प.सं. ०६९।७०, च.नं. ३७८५, मिति २०७०।३।२८ को निर्देशन पत्र प्राप्त भई व्यहोरा अवगत भएकै होला । सो सम्वन्धमा स्थानीय निकायहरु जि.वि.स./न.पा. बाट गैरकानूनी रुपमा उपलब्ध गराईएका/भएका सेवा सुविधा फिर्ता भए नभएको व्यहोरा समेत खोली उक्त परिपत्रको बुँदागत प्रगति विवरण यो पत्र प्राप्त भएको मितिले ३ (तीन) दिन भित्र अनिवार्य रुपमा पठाउनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

२०७०।५।१६
शाखा अधिकृत

बोधार्थ:-
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टंगाल, काठमाडौं ।
श्री सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
महाशाखा/शाखाहरु सबै,
सूचना प्रकाशन तथा अभिलेख शाखा : च.नं. ३७८५, मिति २०७०।३।२८ को संलग्न निर्देशन पत्र र यो पत्र Website मा राखि दिन हुन ।

नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

(कर्मचारी प्रशासन शाखा)

फोन ४२००००० ४२००२८१ ४२००२९७ ४२००२९९

पत्र संख्याः- ०६९।७०

चलानी नं.:- 3654

मिति २०७०/०३/२८

विषयः- निर्देशन ।

श्री जिल्ला विकास समितिको कार्यालय सवै,
श्री नगरपालिकाको कार्यालय सवै ।

धरान नगरपालिका लगायत काठमाडौं उपत्यकाका केही स्थानीय निकायहरुको कर्मचारी प्रशासन सम्वन्धी नियमावलीहरु नमूनाका रुपमा अध्ययन गरी सो का आधारमा सबै स्थानीय निकायहरुलाई दिनु पर्ने निर्देशनको ढाँचा/व्यहोरा तयार गरी पेश गर्न गठित कार्यदलले स्थानीय निकायलाई दिनुपर्ने निर्देशन सहितको प्रतिवेदन मन्त्रालय समक्ष पेश भएको र उक्त प्रतिवेदनमा स्थानीय निकायहरुले तयार गरेको कर्मचारी प्रशासन सम्बन्धी विनियमावलीहरुमा उल्लिखित केही प्रावधानहरु स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीसंग बाझिएको भनी प्रतिवेदनले औंल्याएका देहायका प्रावधानहरुका सम्बन्धमा आवश्यक सम्वोधनका लागि सबै जि.वि.स. र न.पा.हरुमा निर्देशन पठाउने र गाबिसको हकमा सम्वन्धित जिविस मार्फत निर्देशन गर्ने गरी पठाउन नेपाल सरकार (मन्त्रीस्तर) बाट मिति २०७०।३।२७ मा निर्णय भएकोले निर्णयानुसारको व्यहोरा अनुरोध छ ।

क) स्थानीय निकायले स्थानीय स्वायत्त शासन ऐन, नियमले तोकिदिएको परिधिभित्र रही ऐन, नियममा स्पष्ट नभएका कार्यविधिगत विषयमा मात्र विनियम वनाउने र ऐन, नियममा उल्लेख भए बाहेकका विषयमा सारवान व्यवस्था राखी विनियम वनाउन कानूनतः नमिल्ने ।

ख) स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६५ को उपदफा (२) र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७५ ले विनियम वनाउने अख्तियारी प्रदान गरेको आधारमा वनेको बिनियम, ऐन नियमसंग बाझेको खण्डमा बाझिएको हदसम्म विनियमको प्रावधान शुन्य र बदर हुने ।

ग) नियमावलीको नियम २१६ को उपनियम (६) ले स्वीकृत दरवन्दीमा बाहेक कुनै पनि पदमा नियुक्ती गर्न नपाईने र स्वीकृत दरवन्दीमा पनि अस्थायी, ज्यालादारी वा अन्य कुनै प्रकारबाट नियुक्ति दिन नमिल्ने व्यवस्था गरेको तथा स्थानीय स्वायत्त शासन ऐन, नियमले अस्थायी करार तथा ज्यालादारीमा काम गरेको अवधि गणना गर्ने व्यवस्था समेत नगरेको परिप्रेक्ष्यमा अस्थायी सेवा अवधि गणना हुने गरी बनाईएको विनियम स्थानीय स्वायत्त शासन ऐन, नियम विपरित भई विनियमको व्यवस्था स्वतः अमान्य र बदर हुने ।

घ) नियमावलीको नियम २१८ ले एक वर्षभन्दा बढी आफ्नो पदाधिकारी रहेको पद लियन राखी बिदा वा काजमा रहेको अवस्थामा त्यस्तो कर्मचारीले गरिआएको काममा बाधा उत्पन्न हुने भएमा मात्र बढीमा एक वर्षको लागि विशेष पद सृजना गर्ने व्यवस्था गरेकोमा एक वर्षभन्दा कम अवधि बिदा वा काजमा रहेको अवस्थामा पनि विशेष पद सृजना हुने र त्यस्तो विशेष पद एक वर्ष भन्दा बढी अवधिका लागि समेत सृजना गर्ने व्यवस्था विनियममा राखिएको सन्दर्भमा त्यस्तो व्यवस्था नियमसंगत नहुने भएकाले स्वतः अमान्य भई शून्य र बदर हुने ।

ङ) भान्छे र निजी सहायक पदमा अस्थायी नियुक्ति गर्ने र सहायकस्तर चतुर्थ वा सोभन्दा मुनिको पदमा ज्यालादारीमा काम लगाउने गरी विनियमावली बनाएको देखिएकोले उक्त व्यवस्था नियमावलीको नियम २१६ को उपनियम (६) सँग बाझिन गई अमान्य र बदर हुने ।

क्रमशः

नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
(कर्मचारी प्रशासन शाखा)

फोन { ४२००००० ४२००२८१ ४२००२९७ ४२००२९९

पत्र संख्या:- ०६९/७०
चलानी नं.:- 3644

च) एउटै पदमा १५ वर्ष वा सोभन्दा बढी वा कम अवधि सेवा गरेको कर्मचारी अवकाश हुनुभन्दा एक महिना वा सोभन्दा अगाडी देखि लागू हुने गरी माथिल्लो पदमा बढुवा गरी अवकाश दिने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन, नियममा नरहेको सन्दर्भमा विनियमावलीमा उल्लेख गरिएको त्यस्तो व्यवस्थालाई नियम संगत छ भन्न नमिल्ने ।

छ) नियमावलीको नियम २२४ मा अधिकृतस्तरको पदमा बढुवाको लागि एकतह मुनिको पदमा कम्तीमा पाँच वर्ष र अन्य पदका लागि एकतह मुनिको पदमा कम्तीमा तीनवर्ष सेवा अवधि पुगेको स्थायी कर्मचारी बढुवाका लागि सम्भाव्य उमेदवार हुन सक्ने व्यवस्था रहेकोमा उक्त अवधिभन्दा कम सेवा अवधिका कर्मचारी समेत बढुवाका लागि सम्भाव्य उमेदवार हुन सक्ने गरी विनियम बनाइएकोले त्यस्तो व्यवस्था नियमसँग बाझिन गई स्वतः शुन्य र बदर हुने ।

ज) स्थानीय निकायहरुको विनियममा अतिरिक्त भत्ता, अन्य भत्ता, थप भत्ता, अतिरिक्त समय भत्ता, प्रोत्साही पुरस्कार, अन्त्येष्टि खर्च, नियमले पाउने उपदानका अतिरिक्त थप उपदान पाउने व्यवस्था, सापटी सम्वन्धी सुविधा, विदेशमा जांदाको लुगा भत्ता, खाजा तथा लुगा भत्ता जस्ता आदि सुविधाहरु दिने व्यवस्था उल्लेख गरिएको देखिएको सन्दर्भमा त्यस्ता सुविधाहरु स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ र ५५ मा तोकिएको प्रशासनिक खर्चको परिधिभित्र रहेर मात्र उपलब्ध गराउने ।

झ) स्थानीय स्वायत्त शासन ऐन, नियम र निजामती सेवा ऐन, नियमले १८० दिनसम्म घर बिदा सञ्चित हुने व्यवस्था गरेको र १८० दिनभन्दा बढी घर विदा वापत बार्षिक रुपमा खाइपाई आएको तलव बराबरको रकम लिन पाउने व्यवस्था नगरेको सन्दर्भमा १५० दिन वा १८० दिनभन्दा बढी र घर विदा वापतको वार्षिक रुपमा खाइपाई आएको तलव बराबरको रकम लिने गरी बनाइएको विनियमको व्यवस्था ऐन, नियम विपरित भएकाले त्यस्तो व्यवस्था स्वतः शून्य र बदर हुने ।

(ञ) निजामती सेवाका कर्मचारीहरुको तलवमानलाई आधार मानी स्थानीय निकायका कर्मचारीको तलवमान निर्धारण गर्नुपर्ने व्यवस्था ऐनको दफा २५० र नियमावलीको नियम २५७ मा रहेको परिप्रेक्ष्यमा स्थानीय निकायका कर्मचारीहरुको वार्षिक तलव बृद्धि पनि निजामती कर्मचारी सरह उपलब्ध गराउने ।

ट) स्थानीय निकायमा कर्मचारीको दरवन्दी सृजना गर्दा ऐनको दफा २४९ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६ को नियम ३४ र ५५ ले निर्धारण गरेको प्रशासनिक खर्चको सिमाभित्र रहेर मात्र दरवन्दी सृजना गर्ने र उल्लेखित ऐन, नियमको मर्म र भावना विपरित O & M Study को नाममा स्थानीय निकायलाई दीर्घकालीन रुपमा आर्थिक दायित्व पर्ने गरी दरवन्दी सृजना गर्ने कार्यलाई पूर्णतः निरुत्साहित गर्ने ।

ठ) नियमावलीको नियम २४४ र निजामती सेवा नियमावली, २०५० को नियम ५९ ले प्रसुती बिदा साठी दिन मात्र पाउने व्यवस्था गरेको सन्दर्भमा विनियम मार्फत सोभन्दा बढी अवधि तलव सहितको प्रसुती बिदा दिन नमिल्ने ।

२०७०।०३।२८